सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः२०८०/८१

## कर्मचारी आवश्यकता सम्बन्धी सुचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/०७/१५

यस सरावल गाउपालिका कार्यालयका लागी तपशिल बमोजिमको पदमा खुल्ला प्रतियोगिता मार्फत करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धी मापदण्ड-२०७९ तथा मिति २०८०/०७/१५ गतेको निर्णय वमोजिम सेवा करारमा कर्मचारी भर्ना गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले आवश्यक कागजात सहित म्यादभित्र दरखास्त पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| विज्ञापन नं. | पद | माग पद संख्या | कार्यक्षेत्र तथा कार्यजिम्मेवारी |
|---|---|---|---|
| २/०८०/०८१ | प्रविष्टीकर्ता | ५ जना | सरावल गाउँपालिका कार्यालयले तोकेको स्थानमा रही वडा नं. १ देखी ७ सम्मका भुमिहिन दलित भुमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत फारमलाई अनलाईन प्रविष्टी गर्ने |

१. दरखास्त वुझाउने स्थान सरावल गाउपालिका गाउँ कार्यपालिका कार्यालय, सरावल

२. आवश्यक न्यूनतम शैक्षिक योग्यताः- मान्यताप्राप्त शैक्षिक संस्थावाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको ।

३. उमेर हदः- दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

४. दरखास्त दिने अन्तिम मितिः २०८०/०७/१९ गते कार्यालय समयभित्र ।

५. आवेदन दस्तुरः- रु ३००

६. पाठ्यक्रमः- राष्ट्रिय भूमि आयोग र सोसंग सम्बन्धित ऐन, नियम तथा प्रचलित व्यवस्था ।

७. छनौट प्रकृयाः प्रयोगात्मक परिक्षण तथा अन्तरवार्ता ।

८. पेश गर्नुपर्ने कागजातहरुः- नेपाली नागरिकताको प्रतिलिपी, उम्मेद्वार स्वयंले भरेको आवेदन फारम, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी अनुभव भए सोको प्रतिलिपी (विदेशी शैक्षिक प्रमाणपत्रको हकमा समकक्षताको प्रमाणपत्रको प्रतिलिपी)

९. तलव भत्ता तथा सुविधाः प्रविष्टिकर्ता पदको लागी प्रति लगत फारम रु ५०

१०. दरखास्त दिने तरिकाः बुदा नं. ९ मा उल्लिखित कागजातहरू स्वयंले प्रमाणित गरी तोकिएको दस्तुर यस गाउपालिकाको कार्यालयको काउण्टरमा जम्मा गरी भौचर सहित सरावल गाउकार्यपालिकाको कार्यालयमा आवेदन दर्ता गर्न सकिन्छ।

११. छनौटको लागी प्रयोगात्मक परिक्षण तथा अन्तर्वार्ता मितिः- २०८०/०७/२० गते विहान ८ वजेवाट सञ्चालन गरिनेछ। प्रयोगात्मक परिक्षामा सफल परिक्षार्थीलाई मात्र अन्तर्वार्तामा सहभागी गराईनेछ ।

नोटः- स्थानिय तथा अनुभवीलाई प्राथमिकता दिईनेछ। कर्मचारी नियुक्ति सम्बन्धी सम्पुर्ण प्रकृया यस सरावल गाउपालिकाको करारमा कर्मचारी पदपुर्ती गर्ने सम्वन्धी कार्यविधी-२०७९ वमोजिम हुनेछ। आवेदन फारम यस गाउँपालिकाको वेभसाईट www.sarawalmun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

२०८०/०७/१५

बिशाल थिआ
प्रमुख प्रशासकीय अधिकृत